# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

खण्ड ९ संख्या १६ मिति २०८२।०७।२४

भाग २

**शारदा नगरपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।**

"Green Sharada , Clean Sharada"

**शारदा नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८२**

## शारदा नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०७/१९

प्रमाणीकरण मितिः २०८२/०७/२२

**प्रस्तावनाः** समाजमा बढ्दै गईरहेको लैङ्गिक हिंसा निवारणका लागी कोष स्थापना गर्न बान्छनीय देखिएकाले प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी शारदा नगरपालीकाले यो कोष सञ्चालन सम्बन्धि कार्याविधि बनाएको छ।

### परिच्छेदः १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः (१)** यो कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि २०८२" रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कार्यालय" भन्नाले शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ।

(घ) "सञ्चालक समिति " भन्नाले दफा ७ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ।

(ङ) "तत्काल उद्धार तथा राहत समिति " भन्नाले दफा ११ बमोजिमको तत्काल उद्धार तथा राहत समिति सम्झनु पर्छ।

(च) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुनेहिंसा सम्झनु पर्छ ।

### परिच्छेदः २ लैङ्गिक हिंसा निवारण कोष

**३. कोषको स्थापनाः** (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछनः

(क) शारदा नगरपालिकाबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

**४. कोषमा रकम जम्मा गर्नेः** महिला तथा बालबालीकाको हकहितको संरक्षणका लागि नगरपालीकाले वार्षिक रुपमा तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ।

**५. कोषको उपयोगः** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछः

(क) तत्काल उद्दार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) कानुनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय वा स्वरोजगारको लागि व्यवसाय स्थापना खर्च अनुदानको रुपमा प्रदान गर्न,

(ङ१) लैङ्गीक हिंसा र यौनजन्य दुर्व्यवहारको कसुरबाट पीडितले प्रचलीत कानुन बमोजीम कसुरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसुरदारको कुनै सम्पति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिइ अदालतको आदेश बमोजीमको रकमा पीडितलाइ क्षतिपूर्ति स्वरुप भराउन लेखी आएमा,

(च) पुर्नस्थापना गराउन,

(छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङगिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङगिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः** (१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

## परिच्छेदः३ सञ्चालक समिति

**७. सञ्चालक समितिको गठनः** (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि सञ्चालक समिति रहनेछ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछः

(क) नगर उप-प्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय -सदस्य

(घ) नगरसभा सदस्य (महिला २ जना) -सदस्य

(ङ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि एकजना -सदस्य

(च) महिला बालबालिका तथा समाजकल्याण शाखा प्रमुख -सदस्य-सचिव

(३) सञ्चालक समितिको सचिवालय शारदा नगरपालीका नगरकार्यपालीकाको कार्यालयमा रहनेछ।

(४) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**८. सञ्चालक समितिको काम कर्तव्य र अधिकारः**- सञ्चालक समितिको काम कर्तवय र अधिकार देहाय बमोजिम हुनेछ।

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन लैङ्गीक हिंसा निवारण कोषमा रकम निकासा गर्ने,

(ख) लैङ्गीक हिंसा निवारण कोषको अनुगमन गर्ने वा गराउने,

(ग) शारदा नगरपालीकामा लैङ्गीक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु बीच समन्वय गर्ने ,

(घ) शारदा नगरपालीकामा घटेका लैङ्गिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्धायावधिक गर्ने,

(ङ) सिपमुलक तालिमप्राप्त पीडितलाइ स्वरोजगारकोलागी व्यवसाय स्थापना गर्न अनुदानको रकम प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाइ लागु गर्ने,

(च) लैङ्गिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने वा गराउने,

(छ) पीडितको तत्काल उद्धार, राहत र पुनर्स्थापनाको लागी राहत, आर्थिक सहयोग तथा अन्य सामग्री उपलब्ध गराउने ।

**९. सञ्चालक समितिको बैठक र निर्णयः** (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसुची सहितको सुचना सबै सदस्यहरुलाइ दिनु पर्नेछ ।

(४) सञ्चालक समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागी गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितमा सञ्चालक समितिका उपस्थित सदस्यहरुले आफुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सञ्चालक समितिको बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तीलाइ समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) सञ्चालक समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गरि राख्नेछ ।

(९) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधी सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. लैङ्गिक हिंसा निवारण कोषमा रकम उपलब्ध गराउनेः** (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागी सञ्चालक समितिले कोषबाट पञ्चपुरीनगरपालीका नगरकार्यपालीकाकोकार्यालयको नाममा आवश्यकता अनुसार अनुदान रकम निकाशा दिनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको रकम तथा सोबाट भएको खर्च सम्बन्धी विवरण यस नगरपालीले त्रैमासीक रुपमा महिला, बालबालीका तथा समाजकल्याण मन्त्रालयमा पठाउनेछ।

## परिच्छेदः ४ तत्काल उद्धार तथा राहत समिति

**११. तत्काल उद्धार तथा राहत समितिको गठनः** (१) पीडितलाइ राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागी एक राहत समिति रहनेछ ।

(२) तत्काल उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) नगर महिला सदस्य - संयोजक

(ख) प्रमुख, प्रशासन शाखा - सदस्य

(ग) प्रमुख, स्वास्थ्य शाखा -सदस्य

(घ) प्रतिनिधि जिल्ला प्रहरी कार्यालय - सदस्य

(ङ) सहायक महिला विकास नि.  -  सचिव

**१२. तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार**ः-  तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पीडितलाइ राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा अर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ग) लैङ्गीक हिंसा हुन नदिनको लागी स्थानीयस्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

**१३. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार**ः (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी रकम उपलब्ध गराईनेछ।

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना  खर्चवापत प्रति दिन तीनसय रुपैया र बास बस्नुपर्ने भए सो बापत छुट्टै रकम दिनुपर्ने   भएमा प्रतिदिन पाचसय रुपैयाको दरले बढीमा पाच हजार रुपैयासम्म,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा, अस्पताल  आउदाजादा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तिनसय रुपैया, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाच दिनको बास खर्च वापत प्रतिदिन पाचसय रुपैया र उपचार खर्च समेत गरी बढीमा छ हजार पाचसय रुपैयामा नबढ्ने गरि लागेको यथार्थ खर्च,

(ग) पीडितलाइ कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोसामाजिक विमर्श सेवाको लागि पाँच हजार रुपैयांमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) हिंसा पीडितले कुनै सीप मुलक तालिम प्राप्त गरि व्यवसाय संचालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा बढीमा प्रतिव्यक्ति तिस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैया,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयां

(छ) पीडितसँग कुनै बालबच्चा भए बालबच्चाका लागी पीडित सरहको खाना खर्च रकम ।

(२)उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा सञ्चालक समितिले त्यस्तो पीडितलाई मनासिव रकम थप गरी दिन सक्नेछ।

**१४. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने**:- (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई तत्काल उद्धार तथा राहत समितिमा अनुसुची १ बमोजिमको ढाचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थीक सहयोग गर्नुपर्ने देखिएमा सञ्चालक समितिले दफा १२ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

**१५. तत्काल रकम उपलब्ध गराउन सक्ने**:- **(१)** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि जलाइको, एसीड प्रयोग गरी वा छर्कीइ वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भीर प्रकृतिका घटनाका पीडितलाइ उद्दार, औषधी उपचार, पुनर्स्थापना वा राहत लगायतको प्रयोजनको लागी तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षती हुने देखिएमा र संचालक समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा सञ्चालक समितिको अध्यक्षले आवश्यकता र औचित्यका आधारमा मनासिव रकम कोषबाट पीडितलाइ उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईए पछि बस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

## परिच्छेद:५ विविध

**१६. थप रकम निकासा माग गर्न सक्ने**: (१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई सञ्चालक समितिले थप रकम माग गर्न सक्नेछ।

(२) उपदफा (१)बमोजिम थप रकम माग भई आएमा पञ्चपुरीनगरपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१७. छुट्टै खाता खोल्नु पर्ने**: (१) शारदा नगरपालिकाले दफा १० बमोजिम प्राप्त भएको रकम कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१८. कोषको लेखा र लेखा परिक्षण**:- (१) कोषको आय व्ययको लेखा प्रचलीत कानुन बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१९. आवर्ति (रिभल्भिङ) कोष**: यो कोष आवर्ति कोषको रुपमा रहनेछ ।

**२०. प्रतिवेदन पेश गर्ने**: (१) राहत समितिले प्रत्येक वर्ष सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन सञ्चालक समितिलाइ बुझाउनु पर्नेछ ।

(२) सञ्चालक समितिले आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारबाहीको प्रतिवेदन नगर कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

**२१. बैठक भत्ता**: सञ्चालक समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत **कार्य सञ्चालन निर्देशिका, २०८१** ले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन।

**२२. निर्देशन दिन सक्ने**: (१) शारदा नगरकार्यपालिकाले सञ्चालक समितिको काम कारवाहिको सम्बन्धमा सो समितिलाइ आवश्यक निर्देशन दिन सक्नेछ।

अनुसुची १

(नियम १३ सँग सम्बन्धित)

**विषयः सहयोग उपलब्ध गराइ पाउ**

**श्री अध्यक्ष ज्यू,**

**तत्काल उद्धार तथा राहत समिति शारदा नगरपालिका।**

म ............................... बस्ने वर्ष .....को

...............................मिति............................. मा लैङ्गिक हिंसाबाट पीडित भएको छु। मेरो अर्थीक स्तर ज्यादै कमजोर रहेको छ। म उपर लैङ्गिक हिंसा ............................ भएको कारणले मेरो मानसिक/ शारीरिक/ सामाजिक अवस्था कमजोर भइ अशक्त अवस्थामा रहेको हुनाले मलाइ औषधि उपचार/ कानुनी सहायता एवं परामर्श/उद्धार/ मनोविमर्श/ स्वरोजगार/ पुनर्स्थापना/ अन्य............................ कामको लागी सहयोगको आवश्यकता परेको हुदा स्थानिय लैङ्गीक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराइ दिनु हुन यो निवेदन पेश गरेको छु।

**निवेदककोः-**

नाम थरः- ..............................

ठेगानाः- .............................

दस्तखतः- ............................

मितिः- ...................................